नेपाल नागरिक उड्डयन प्राधिकरण

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय

**प्रशासन महाशाखाको ।**

## सुरक्षा गार्डको सेवा प्राप्त गर्ने सम्वन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०९।२६)

यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय अन्तर्गतको भट्टेडाँडा स्थित राडार साईटको सुरक्षाको लागि ४ (चार) जना सुरक्षा गार्ड तथा यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसर क्षेत्रभित्र प्रवेश गर्ने कुकुर, बाँदर, पशुपंछि तथा अन्य जीवजन्तुहरुको गतिविधि नियन्त्रण गर्ने कार्यको लागि ७ (सात) जना सुरक्षा गार्ड गरी जम्मा ११ (एघार) जना सुरक्षा गार्डको आवश्यकता भएकोले उक्त कार्य गर्नका लागि सार्वजनिक खरिद ऐंन,२०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम सेवा करारमा लिनुपर्ने भएको हुँदा श्रमिक आपूर्तिकर्ताको इजाजत प्राप्त एवम् मूल्य अभिबृद्धि करमा दर्ता भएका ईच्छुक फर्म/कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

### बोलपत्रका मुख्य शर्तहरु

१) बोलपत्रदाताले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्गतको भट्टेडाँडामा अवस्थित राडार साईटको रेखदेख तथा सुरक्षाको कार्य गर्न ४(चार) जना सुरक्षा गार्ड र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक तर्फ भि.भि.आई.पी.क्षेत्र, आगमन तथा प्रस्थान र अन्तर्राष्ट्रियतर्फको आगमन, प्रस्थान, टेक्सी पार्किङ्ग क्षेत्रमा प्रवेश गर्ने कुकुर, बाँदर,पशुपंछी तथा अन्य जीवजन्तुहरुको गतिविधि नियन्त्रण गर्ने कार्यका लागि ७ (सात) जना समेत गरी जम्मा ११ (एघार) जना सुरक्षा गार्डको सेवा आपूर्ति गर्न प्रतिस्पर्धा गर्नुपर्नेछ ।

२) बोलपत्र फाराम खरिदका लागि रु.३,३९०।-(तीन हजार तीन सय नब्बे) (मू.अ.कर.सहित) यस कार्यालयको त्रि.अ.वि.स्थित राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालयको आम्दानी हिसाब नं. १६९०१००००००११००६ मा (पछी फिर्ता नहुने) नगद जम्मा गरी सो बैंक भौचर यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको रसिद,फर्म रजिष्ट्रेशनको अध्यावधिक प्रमाणपत्र, नेपाल सरकार गृह मन्त्रालय वा अन्तर्गतका निकायबाट सुरक्षासेवा संचालन गर्ने ईजाजतपत्र,श्रमिक आपूर्ति कर्ताको ईजाजतपत्र, सामाजिक सुरक्षा कोषमा रोजगारदाता सूचिकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा नियमानुसार २०७७।७८ को आय कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा म्याद थपको निस्सासहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस ) दिनभित्र कार्यालय समयमा यस कार्यालयको प्रशासन महाशाखाबाट बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र बोलपत्र फाराम शिलबन्दी गरी यस कार्यालयको प्रशासन महाशाखामा दर्ता गर्नुपर्नेछ । यसका साथै उक्त बोलपत्र सम्वन्धि सूचनाको जानकारी यस कार्यालयको Webside:www.tiairport.com.np बाट समेत Download गरी हेर्न सकिनेछ ।

३) बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिनको भोलीपल्ट दिनको १२:०० बजेभित्र बोलपत्र फाराम दाखिला गर्नु पर्नेछ । उक्त दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सोही समय भित्र दाखिला गर्न सकिनेछ । खामको बाहिर बोलपत्रदाताको नाम र कामको शिर्षक स्पष्ट रुपमा उल्लेख गरी यस कार्यालयलाई सम्बोधन गरेको हुनुपर्नेछ ।

४) म्याद भित्र प्राप्त हुन आएका  बोलपत्र प्रस्तावहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिउँसो २:०० बजे यस कार्यालयको प्रशासन महाशाखामा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन । ढिलो गरी प्राप्त भएको वा म्याद नाघि आएको तथा रित नपुगेको वा कुनै शर्त उल्लेख भई आएको सिलवन्दी बोलपत्र मान्य हुने छैन ।

५) सूचना प्रकाशित भएको मितिले १० (दशौं) दिन अर्थात २०७८/१०/०५ गते भित्र बोलपत्र सम्बन्धी शर्तका बिषयमा कुनै जिज्ञासा भएमा लिखित रुपमा निवेदन पेश गर्न सकिनेछ । यसरी प्राप्त जिज्ञासाका आधारमा कार्यालयले बोलपत्र सम्बन्धी कागजात वा कुनै शर्तमा थपघट वा संशोधन गरेमा मात्र सो को जानकारी सम्बन्धीत सबैलाई गराईनेछ ।

६) शिलवन्दी बोलपत्रसाथ बोलपत्रदाताले धरौटी वापतको रकम रु.१,००,०००।-(एक लाख) यस कार्यालयको त्रि.अ.वि.स्थित राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय गौचरमा रहेको धरौटी खाता नं.१६९०१००००००७०००१ मा नगद जम्मा गरेको धरौटी रकमको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको शिलबन्दी बोलपत्र खोल्ने मिति देखि कम्तिमा ४(चार) महिना अर्थात १२० (एक सय बीस) दिन मान्य अवधि भएको बैंक जमानीपत्र (Bid Bond) पेश गर्नु पर्नेछ । नगद जमानत राखेकोमा पछि बैंक ग्यारेन्टिमा परिणत गर्न पाइने छैन । स्वीकृत बोलपत्रदाताले नियमानुसार कार्य सम्पादन जमानत राखी सम्झौता गर्नुपर्नेछ ।

७) बोलपत्रदाताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८) प्रदान गर्नुपर्ने सेवा सम्वन्धि योग्यता, अन्य शर्तहरु कार्यालयबाट बिक्रि हुने शिलबन्दी बोलपत्र सम्वन्धि कागजातमा  उल्लेख भए वमोजिम हुनेछ ।

९) बोलपत्रदाताले Bill of Quantities फाराममा के कति सेवा शुल्क लिई सेवा पुऱ्याउने हो ? सो उल्लेख गर्नुपर्नेछ । यस्तो सेवा शुल्क रकम सेवा करारमा काम गर्ने जनशक्तिको कुल पारिश्रमिक रकमको ५ प्रतिशतमा नबढने गरी मात्र उल्लेख गर्नु पर्नेछ । सो भन्दा बढी प्रतिशत उल्लेख भएको प्रस्ताव मान्य हुने छैन । Bill of Quantities फाराममा उल्लेख गरिएको सेवा शुल्क रकमको अंक र अन्यत्र उल्लेख गरिएको सेवा शुल्क रकमको अंकमा फरक परेमा Bill of Quantities फाराममा उल्लेख गरिएको सेवा शुल्क रकमको अंकलाई मान्यता दिईनेछ ।

१०) रित नपुगी वा म्याद नाघि आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।

११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२) यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियम, शिलबन्दी बोलपत्र सम्वन्धि कागजात तथा सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।